# पनौती नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पनौती, काभ्रेपलाञ्चोक, बागमती प्रदेश, नेपाल

**विज्ञापन कर संकलन सम्बन्धी सम्बन्धी दरभाउपत्र आह्वानको सूचना**

**ठेक्का संकेत नं.-PMC/QOT/REV-04/2083-84**

**प्रथम पटक प्रकाशित मिति २०८३।०३।१५**

गोविन्दराम ओली
प्रमुख प्रशासकीय अधिकृत

प्रस्तुत विषयमा पनौती नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, पनौतीले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पनौती नगरपालिकाको आर्थिक ऐन, २०८३ को दफा-७ मा तोकिएको दरमा यस नगरपालिका क्षेत्रभित्र विज्ञापन कर संकलन गर्न गराउन यस दरभाउपत्रमा तोकिएको शर्तहरुको अधिनमा रहि यस नगरपालिकाको क्षेत्रभित्र विज्ञापन कर संकलन गर्ने कार्यको लागि राष्ट्रिय स्तरमा E-Bidding बाट ठेक्का बढाबढको माध्यमबाट रितपूर्वक दरभाउपत्र पेश गर्न दरभाउपत्र आह्वान सम्बन्धी यो सूचना प्रकाशन गरिएको छ। योग्यता पुगेका इच्छुक फर्म वा कम्पनीले देहायको शर्तहरुका अधिनमा रही तोकीएको मिति र समयभित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको Web Portal www.bolpatra.gov.np/egp मार्फत दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१. दरभाउपत्रदाताले प्रस्ताव गर्दा नगरपालिकाले तोकेको न्यूनतम अंक मु.अ.कर बाहेक रू.७,००,०००/-(अक्षरेपी सात लाख मात्र) भन्दा घटी नहुने गरी रकम कबोल गर्नु पर्नेछ।

२. दरभाउपत्र सम्बन्धी कागजात दरभाउपत्र पेश गर्ने अन्तिम मिति र समय भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट download गरी प्राप्त गर्न सकिने छ।सो को लागि रु.१,०००।- (अक्षरेपी एक हजार रुपैयाँ मात्र) पछि फिर्ता नहुने गरी निम्न बैंकमा बैंक भौचर भरी सो भौचरको Scanned copy (pdf format) दरभाउपत्र सम्बन्धी कागजात electronic submission गर्दा संलग्न गरी पेश गर्नु पर्नेछ।

**दरभाउपत्र फाराम दस्तुर बापतको रकम जम्मा हुने बैंक खाताको विवरण**

| | |
|---|---|
| बैंकको नामः- Nepal Bank Limited | राजस्व शिर्षक नं. १४२१९ |
| खातावालाको नामः पनौती नगरपालिका | राजस्व शिर्षकः अन्य सेवा शुल्क तथा बिक्री |
| खाताको नामः- ग १.१ आन्तरिक राजश्व खाता | खाता नं.: ०९००३००००१००१००००० १ |
| कार्यालय कोड नं. ८०३२६४०३३०० | |

३. दरभाउपत्र फारामसाथ धरौटी बापत मूल्य अभिवृद्धि कर सहित कबोल अंकको ५ प्रतिशतले हुन आउने दरभाउपत्र जमानत बापतको रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड पनौतीमा रहेको निम्न धरौटी खातामा रकम जम्मा गरेको सक्कलै भौचर वा दरभाउपत्र दाखीला गर्ने अन्तिम मितिले कम्तीमा ७५ दिन अवधि रहेको यस कार्यालयको पक्षमा जारी गरिएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंक वा वित्तिय संस्थाको बैंक ग्यारेन्टी (विडवण्ड) लाई Scan गरेर PDF Format मा upload गरी संलग्न गर्नुपर्नेछ। साथै फर्म वा कम्पनीको नविकरण गरिएको इजाजत प्रमाणपत्र, व्यवसाय दर्ता अध्यावधिक प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र र आ.व.२०८१/०८२को करचुक्ता प्रमाणपत्रलाई Scan गरेर PDF Format मा upload गरी मिति २०८३।०३।३० गते दिनको १:००बजेभित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट electronic submission गर्नुपर्नेछ।

**धरौटी बापतको रकम जम्मा हुने बैंक खाताको विवरण**

| | |
|---|---|
| बैंकको नामः- Nepal Bank Limited | खातावालाको नामः पनौती नगरपालिका |
| कार्यालय कोड नं. ८०३२६४०३३०० | खाताको नामः- ग ३.१ धरौटी खाता |
| खाता नं.: ०९००३००००३००००००००१ | |

४. विघुतिय माध्यमबाट प्राप्त हुन आएका दरभाउपत्रहरु मिति २०८३।०३।३० गते दिनको ठिक २:०० बजे प्रस्तावदाताहरु वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ। प्रस्ताव खोल्ने समयमा प्रस्तावदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि प्रस्ताव खोल्न कुनै बाधा हुने छैन।

५. दरभाउपत्र पेश गर्ने एवं खोल्ने अन्तिम दिन विदा पर्न गएमा सो दिन पछी कार्यालय खुलेको दिन दिनको १:०० बजे सम्म दाखिला गर्ने तथा सोही दिनको २:०० बजे दरभाउपत्र खोल्ने समय कायम हुनेछ।

६. कुल कबोल रकम मु.अ.कर समेत सम्झौता गर्दाका बखत नै एकमुष्ट बुझाउनुपर्नेछ।

७. प्रथम किस्ता बुझाए पश्चात बाँकी हुन आउने रकम (मु.अ.कर समेतको) सम्झौतामा भएको मितिले कम्तिमा १२ महिना म्याद/अवधि भएको नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त 'क' वर्गको बाणिज्य बैंकबाट जारी भएको कार्य सम्पादन जमानत (Performance Bank Guarantee) पेश गर्नुपर्नेछ। बैंक जमानत प्रत्येक किस्ताको अलग/अलग बनाइ समेत पेश गर्न सकिनेछ।

पनौती नगरपालिका नगर कार्यपालिकाको कार्यालय पनौती, काभ्रेपलाञ्चोक, बागमती प्रदेश, नेपाल २०७३

८. दरभाउपत्र स्वीकृत भई सम्झौता भएपछि सम्झौतामा उल्लेख भएकोमा बाहेक अन्य कुनै किसिमको छुट, मिनाहा वा माफि दिइने छैन।

९. दरभाउपत्रदाताले BOQ मा आफुले कबोल गरेको रकम अंक र अक्षर दुवैमा उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ।

१०. दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्वाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित कसुरमा आफूले सजाय नपाएको भनि लिखित रुपमा स्वःघोषणा कागजात दरभाउपत्रसाथ पेश गर्नु पर्नेछ।

११. आ.व.२०८३/८४, २०८४/८५ र २०८५/८६ आषाढ मसान्ततक अवधिको लागि उक्त कर संकलन गर्न पाउनेछ, दरभाउपत्र फाराम भर्दा आर्थिक वर्ष २०८३।८४ का लागी कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्टरुपमा उल्लेख गरेको हुनुपर्नेछ। अंक र अक्षरमा उल्लेख गरेको रकम फरक परेमा अक्षरमा उल्लेख गरेको कबोल रकमलाई मान्यता दिईनेछ ।

१२. आ.व.२०८३ ०८४को लागी कबोल गरेको रकममा १० प्रतिशत थप गरी दोस्रो आर्थिक वर्ष र दोश्रो आर्थिक वर्षका लागि सम्झौता रकममा १० प्रतिशत थप गरी तेश्रो बर्षको लागि ठेक रकम कायम गरी सम्झौता गरिनेछ ।

१३. स्वीकृत दरभाउपत्रदाताले प्रत्येक आर्थिक वर्षको लागि कबुल गरेको ठेक अंक प्रत्येक आर्थिक वर्षको श्रावण महिनाको ७ दिनभित्र यस कार्यालयमा दाखीला गर्नुपर्नेछ । पछिल्ला २ आर्थिक वर्षको लागि कायम हुने ठेक अंक वरावरको क्रमशः २०८५ श्रावण र २०८६ श्रावण मसान्तसम्म म्याद रहेको यस कार्यालयको पक्षमा जारी सक्कल बैंक कार्यसम्पादन जमानत पत्र दरभाउपत्रदाताले पेश गर्नुपर्नेछ ।

१४. रित नपुगेको, म्याद नाघी वा शर्त राखी पेश भएको दरभाउपत्र उपर कारबाही हुने छैन।

१५. नेपाल सरकारको प्रचलित कानुन बमोजम लाग्ने आयकर, मुल्य अभिवृद्धी कर तथा शुल्कहरु प्रस्तावक स्वंयले तिर्नुपर्नेछ।ठेक्का सम्झौता

१६. बमोजिमको बुझाउनुपर्ने मु.अ.करको हकमा किस्ता दाखीला गर्दाका बखत नै किस्ता वापतको रकममा १३ प्रतिशत थप रकम दाखीला गरेको प्रमाण पेश गर्नुपर्नेछ।ठेक्का सम्झौताभन्दा बढी कर संकलन भएको खण्डमा बढी असुल भएको रकमको नियमानुसारको मु.अ.कर दाखीला गर्ने जिम्मेवारी स्वीकृत दरभाउपत्रदाता स्वयंको हुनेछ।

१७. सूचनाको शर्त बमोजिम तोकिएको समयभित्र सबैभन्दा बढी रकम कबोल गर्ने दरभाउपत्रदाता कबुलियत/सम्झौता गर्न नआएमा निजले उक्त ठेक्काका लागि दरभाउपत्रसाथ राखेको धरौटी रकम जफत गरी नियमानुसार दरभाउपत्र बन्दोबस्त गरीनेछ।

१८. स्वीकृत दररेटभन्दा बढी शुल्क असुल गर्न पाइने छैन।दरभाउपत्रदाताले कर संकलनका लागि प्रयोग गर्ने रसिद यस कार्यपालिकाको कार्यालयबाट प्रमाणित गरेर मात्र जारी गर्नुपर्नेछ।साथै सहायक राजमार्गमा वा सडकमा ढाँट राखी कर संकलन गर्न पाइने छैन।

१९. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

२०. यस सूचनामा उल्लेख नभएका बुँदाहरुको हकमा प्रचलित कानुन तथा यस नगर कार्यपालिकाको कार्यालयको निर्णय अन्तिम निर्णय हुनेछ।

२१. विज्ञापन करको दर र देहाए बमोजिम रहेको छ।

| सि.नं. | राजस्वका क्षेत्रहरू | इकाई | स्वीकृत दर (मु.अ.कर बाहेक) |
|---|---|---|---|
| १ | विघुतीय/डिजिटल होर्डिङबोर्ड | प्रति वर्ग फिट-वार्षिक | २००।- |
| २ | डिजिटल डिस्प्लेबोर्ड तथा डिजिटल स्क्रिनबोर्ड | प्रति वर्ग फिट-वार्षिक | २००।- |
| ३ | पोल ब्यानर/फ्लेक्स बोर्ड | प्रति गोटा-वार्षिक | १००।- |
| ४ | होर्डिङ्गबोर्ड, पोलबोर्ड, डि.पि.एस.वोर्ड/ ग्लोसाइनबोर्ड | प्रति वर्ग फिट-वार्षिक | ८०।- |
| ५ | भित्ते लेखन २ वर्गफिट सम्म | प्रति वर्ग फिट-वार्षिक | ८०।- |
| ६ | फ्लेक्सप्रिन्ट ब्यानर/ कपडा ब्यानर ६ वर्गफिट सम्म | प्रति गोटा-वार्षिक | २००।- |
| ७ | जुनसुकै स्थानमा व्यवसाय राखी न.पा.क्षेत्रभित्र ब्यानर, कपडा वा अन्य अस्थायी सामान प्रयोग गरी विज्ञापन गरेको हकमा २ मि. भन्दा बढीको लागी प्रति गोटा | प्रति गोटा-वार्षिक | १०००।- |
| ८ | कार्यक्रम,समारोह,सन्देशमूलक/जनचेतनामूलक/राजनीतिकदलको ब्यानर/ पर्चा/ पमप्लेट/ ब्यानर आदी अनुमति लिई राखेमा | निःशुल्क | निःशुल्क |
| ९ | नगरपालिकामा व्यवसाय दर्ता भएका व्यवसायी, फर्म, बैंक, वित्तीय संस्थाहरूको आफ्नो परीचय खुलाउने बोर्ड व्यवसाय रहेको परीसरमा राखीएका बढीमा २५ वर्गफिट सम्मको व्यवसाय खुल्ने होर्डिङ्ग बोर्ड | निःशुल्क | निःशुल्क |

नोट: (क) मदिरा तथा सूर्तिजन्य विज्ञापनको हकमा ३० प्रतिशत थप लाग्नेछ। (ख) विदेशी कम्पनीको विज्ञापनको हकमा माथी उल्लेखित दरमा ५० प्रतिशत थप गरी असुल गरिनेछ।

CamScanner